संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)



केन्द्रीय कार्यालय
Central Office

केन्द्रीय समिति
Central Committee
Communist Party of Nepal (Maoist Centre)

पत्र संख्या :
चलानी नं. :

## शोक वक्तव्य

हाम्रो पार्टीका केन्द्रीय सदस्य कमरेड महादेव यादवको निधनको खबरले दु:ख लागेको छ । दिवंगत कमरेड यादव लामो समयदेखि क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो । ५७ वर्षीय यादवको सोमबार बेलुका धनुषा जनकपुरस्थित आफ्नै निवासमा निधन भएको हो । उहाँका श्रीमती, दुई छोरी र एक छोरा हुनुहुन्छ ।

उहाँले २०३६ सालदेखि विद्यार्थी आन्दोलनबाट आफ्नो राजनीतिक जीवन सुरु गर्नुभएको थियो । २०४८ सालमा जागिर छोडेर कमरेड यादव तत्कालिन जनमोर्चाको तर्फबाट बालबाखर गाविस (हाल सहिद नपा-१) को उपाध्यक्ष बन्नुभएको थियो । उहाँ महान् सहिद रामबृक्ष यादवलाई आदर्श मान्दै मुक्तिकामी आन्दोलनहरुमा सक्रिय सहभागी बन्नुभएको थियो ।

महान् जनयुद्धमा सक्रियतापूर्वक सहभागी यादव सरल, जुझारु र क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । उहाँको निधनले नेपाली कम्युनिष्ट आन्दोलनले एक संघर्षशील कमरेड गुमाएको छ भने हाम्रो पार्टीले समर्पित सहकर्मी गुमाएको छ । कमरेड यादवको निधनले देश, पार्टी र समुदायमा अपूरणीय क्षति भएको छ ।

आन्दोलन प्रतिको समर्पण, वर्गीय मुक्ति, देशभक्ति र निजी स्वार्थको तिलाञ्जली जस्ता दिवंगत कमरेड यादवका आदर्श पक्ष कम्युनिष्ट आन्दोलनका लागि प्रेरणादायी र अनुकरणीय हुनेछन् ।

हाम्रो पार्टी उहाँप्रति क्रान्तिकारी अभिवादन सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

*२२ असार, २०७८*

...........................

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष**

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com, Website : www.ucpnmcentre.org